महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

च.नं. ५८/०७८/०७९

मिति २०७८/०९/२३

श्री नेपाल स्टँक एक्सचेञ्ज लि,
रामशाहपथ, काठमाडौं ।

बिषयः- निर्वाचन सम्वन्धी कार्यक्रम स्थगित गरिएको सम्वन्धमा ।

महाशय,

यस महालक्ष्मी विकास बैंक लि.को २० औं बार्षिक साधारण सभा यही मिति २०७८/०९/२५ गते आइतवारका दिन दिनको ११:०० बजे आर्मी अफिसर्स क्लव, भद्रकालीमा हुने र उक्त बार्षिक साधारण सभामा विकास बैंकको नियमावली बमोजिम संस्थापक समूह (क) बाट ३ जना र सर्वसाधारण समूह (ख) बाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन हुने सम्वन्धी प्रस्ताव समेत रहेकोमा यस बैंकका शेयरधनी श्री गिरिराज पोखरेल तथा श्री प्रमोद श्रेष्ठले यस बैंक समेत विरुद्ध श्री उच्च अदालत पाटनमा दिएको उत्प्रेषण (०७८-WO-०६४६) को निवेदनमा उक्त अदालतवाट विपक्षीहरुका नाममा १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेश सहित "यसमा निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विपक्षी समेतको कुरा सुनी निर्णय लिन न्यायोचित हुने देखिदा मिति २०७८/१०/०३ मा छलफल पेशी तोकि सो अवधिसम्म निवेदक प्रमोद श्रेष्ठको बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १६(१) (क) बमोजिमको योग्यता भएको महालक्ष्मी विकास बैंकको मिति २०७८/०९/२० को पत्रबाट देखिएकोले सो अवधिसम्म निर्वाचन कार्यक्रमको बाँकि काम कारवाही नगर्नु भनी मिति २०७८/१०/०३ सम्मको लागि विपक्षीहरुको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालिन अन्तरिम आदेश गरिएको छ" भनि सो को म्याद मिति २०७८/०९/२३ गते प्राप्त हुन आएकोले यस बैंकको मिति २०७८/०९/२३ गते सांझ ५:०० बजे बसेको सञ्चालक समितिको आकस्मिक बैठकबाट सम्मानीत अदालतको आदेशानुसार मिति २०७८/०९/२५ गतेको बिसौ साधारण सभाका लागी प्रस्ताव गरिएको सञ्चालक पदको निर्वाचन सम्बन्धी बाँकि कार्यक्रम अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगित गरिएको र बार्षिक साधारण सभा सम्वन्धी अन्य कार्यक्रमहरु यथावत सञ्चालन हुने निर्णय भएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछौं ।

भवदीय,

(सोमराज पन्त)
कम्पनी सचिव

वोधार्थः

(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(ख) श्री सिडिएस एण्ड क्लीयरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
(ग) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर,काठमाडौं ।
(घ) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
(ङ) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
(च) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं ।